# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| खण्ड : ७ | संख्या : ५ | २०८० साल फागुन २९ गते |
|---|---|---|

## भाग : १

दुल्लू नगरपालिका, नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन (संशोधन) सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## दुल्लू नगरपालिकाको शिक्षा (तेश्रो संशोधन) ऐन, २०८०

प्रस्तावना : दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगरपालिकाको १४ औं नगरसभाबाट **"दुल्लू नगरपालिकाको शिक्षा (तेश्रो संशोधन) ऐन, २०८०"** पारित गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम दुल्लू नगरपालिकाको शिक्षा (तेश्रो संशोधन) ऐन, २०८० रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको दफा २६ को खण्ड (ध) मा संशोधन:** देहाएको शब्द हटाइएको छः- "विद्यालय व्यवस्थापन समितिको सिफारिशमा दरबन्दी सहित"

३. **मूल ऐनको दफा ३० मा संशोधन:** देहाएको उपदफा (२क), (२ख), (२ग) र (२घ) थप गरि देहाएको व्यवस्था गरिएको छः-

उपदफा (२क) "अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा निर्वाचनबाट विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ । निर्वाचनबाट पनि विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा नगर प्रमुखले वडा शिक्षा समितिको परामर्शमा विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।"

उपदफा (२ख) "विद्यालय व्यवस्थापन समितिको अध्यक्षले विद्यालयको हित विपरित काम गरेको पाइएमा निजलाई विद्यालय व्यवस्थापन समितिको दुई तिहाइ बहुमतले हटाउन सक्नेछ ।"

उपदफा (२ग) "अभिभावक बाट छनौट भएको सदस्य लगातार तीनवटा बैठकमा अनुपस्थित भएमा स्वतः पद रिक्त भएको मानिनेछ यसरी रिक्त भएको पदको पूर्ति विद्यालय व्यवस्थापन समितिका बहुमत सदस्यको निर्णय बमोजिम पूर्ति गरिनेछ ।"

उपदफा (२घ) "कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले आफ्नो जिम्वेवारी पूरा नगरेको पाइएमा वडा शिक्षा समितिको सिफारिशमा नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

४. **मूल ऐनको दफा ३३ को उपदफा १** देहाएका शब्दहरू "शिक्षा समितिको सिफारिशमा नगर कार्यपालिकाले" हटाई देहायको शब्दहरू थप गरिएको छः- “शिक्षा समितिले वडा शिक्षा समितिको सिफारिशमा”

५. **मूल ऐनको दफा ६० को उपदफा १ मा** देहायबमोजिमको उपदफा थप गरिएको छः- "१क विद्यालय व्यवस्थापन समिति गठन नभएको तर शिक्षक सरूवा नगरी नहुने अवस्था आएमा शिक्षा समितिले वडा शिक्षा समितिको परामर्शमा सरूवा गर्न सक्नेछ ।"



...............
आज्ञाले
ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०८०/११/२९